मिति २०८२/९/१७ गते बस्ने १७६ औं कार्यपालिका बैठकको प्रस्ताव र निर्णयहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।
३. नगर प्रवक्ता ज्यूबाट नपाको मासिक गतिविधि सार्वजनिकि करण सम्बन्धमा ।
४. ज्येष्ठ नागरिक परीचय पत्र वितरण गर्ने अधिकार वडा कार्यालयहरुलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।
५. नेपाल नगरपालिका संघको आ.व. २०८२/०८३ को सदस्यता नविकरण गर्ने सम्बन्धमा
६. नगर विकास कोषको सावाँ र ब्याज भुक्तानी गर्ने सम्बन्धमा ।
७. वडा नं. ५ मा आश्रय स्थल निर्माणका लागि अनुमती प्रदान गर्ने सम्बन्धमा ।
८. सामुदायिक भवनमा सहकारीको कार्यालय संचालन गर्न अनुमती दिने सम्बन्धमा।
९. वाटर किङगडम पार्क निर्माणको ठेक्का सम्बन्धमा ।
१०.इलाका प्रहरी कार्यालय टाडीलाई वडा नं. ९ को जग्गाको लालपुर्जा प्राप्तीका लागि सिफारिस गर्ने सम्बन्धमा ।
११. विपन्न नागरिक आवास निर्माण सहयोग सम्बन्धमा ।
१२. घटना दर्ता रद्ध गर्ने सिफारिस सम्बन्धमा ।
१३. रत्ननगर महोत्सव २०८२ का लागि सौराहा बस पार्क रात्रीकालिन पार्किङ्ग र फुड फेस्टीबलका लागि दिने सम्बन्धमा ।
१४. १९ औं हात्ती महोत्सवका लागि सहयोग अनुमोदन सम्बन्धमा ।
१५. ठेक्काको म्याद थप गर्ने सम्बनधमा ।
१६. संघ/संस्था/ समुहलाई सहायता सम्बन्धमा ।
१७. विविध ।
    क. रत्ननगर हरियाली पार्कको कार्ययोजना सम्बन्धमा ।
    ख. उपभोक्ता समिति मार्फत योजना संचालन गर्ने सम्बन्धमा ।
    ग. घ वर्गको निर्माण इजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा ।
    घ. विद्यालय भवन भत्काउने सम्बन्धमा ।
    ङ. विपन्न उपचार सहयोग सम्बन्धमा ।
    च. योजनाको नाम शंसोधन सम्बन्धमा ।
    छ. छात्रवृत्ति सम्बन्धमा ।
    ज. आचरण सुधारका लागि पुनःस्थापना केन्द्रमा राख्न सहयोग सम्बन्धमा ।
    झ. सवारी साधन खरिद गर्ने सम्बन्धमा ।
    ञ. ठेक्का आब्हान सम्बन्धमा ।
    ट. बजेट विनियोजन सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

मिति २०८२/८/१५ गते बसेको बसेको नगरकार्यपालिका बैठकको निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो ।

**<u>निर्णय नं. २</u>**

यस रत्ननगर नगरपालिका यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको सार्वजनिक सेवा प्रवाहको बिषयमा समिक्षा गरियो ।साथै सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जनमैत्री बनाउने बिषयमा सबै पक्षले आ-आफ्नो पक्षबाट पहल गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

यस रत्ननगर नगरपालिकाका नगर प्रवक्ता एवम् वडा नं. १ का वडा अध्यक्ष श्री कुल प्रसाद सापकोटाज्यू मार्फत २०८२ मंसिर १ देखि ३० गते सम्म रत्ननगर नगरपालिकाले संचालन गरेका सेवा प्रवाह र विकास निर्माण सम्बन्धी मासिक गतिविधिहरु सार्वजनिकिरण गरियो ।

**<u>निर्णय नं.४</u>**

ज्येष्ठ नागरिक ऐन २०६३ (चौथो संसोधन २०७९ को दफा २५ बमोजिम ज्येष्ठ नागरिक असाहय ज्येष्ठ नागरिकहरुलाई बसोबास गरेको नगरपालिकाबाट ज्येष्ठ नागरिक परिचय पत्र उपलब्ध गराउने भनि यस नगरपालिकामा प्राप्त भएको अधिकार यस रत्ननगर नगरपालिका अन्तरगतका १६ वटा वडा कार्यालयहरुलाई प्रत्ययोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.५</u>**

नेपाल नगरपालिका संघको मिति २०८२/०५/१६ गतेको सदस्यता शुल्क सम्बन्धी पत्रानुसार यस रत्ननगर नगरपालिकाको आ.व.२०८१/०८२ को सदस्यता नविकरण बापत **रु.५००००/- (पचास हजार मात्र**) नेपाल नगरपालिका संघको खातामा जम्मा गरिएको बिषय यस बैठकमा जानकारी गराइयो । साथै उक्त निर्णय अनुमोदन सहित स्वीकृत गरियो ।

**<u>निर्णय नं.६</u>**

नगर विकास कोषको मिति २०८२/०९/०२ गतेको च.नं ८०८ को पत्रबाट २०८२ पुस मसान्त सम्मको साँवा ब्याज किस्ता भुक्तानी पठाउने सम्बन्धी पत्रानुसार कोषको ऋण /सरल ऋण सहयोगमा यस नगरपालिकामा संचालित आयोजनाहरुको ऋण सम्झौता अनुसार २०८२ पुस मसान्त सम्ममा तिर्नु पर्ने साँवा व्याजको किस्ता पुष मसान्त भित्र भुक्तानी गरिदिनु हुन भनि प्राप्त भएको पत्र यस बैठकमा छलफल भयो । साथै यस रत्ननगर नगरपालिका मिति २०८२/५/२३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा आगजानी र तोडफोडका कारण जलेर पुर्ण रुपमा क्षति भई हाल पुनःनिर्माणका क्रममा रहेकाले सावाँ/ब्याजका लागि रु.३००००००/- (तीस लाख मात्र) भुक्तानी गर्ने र बाँकी सावाँ/ब्याज सहुलियतका लागि नगर विकास कोषसँग अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.७</u>**

यस रत्ननगर नगरपालिका ५ नं. वडा कार्यालयको मिति २०८२/०९/०७ गतेको पत्रबाट रत्ननगर नगरपालिका वडा नं. ५ लाई बेसिन बाढी व्यवस्थापन आयोजनाबाट ढुवान र जंगली जनावरबाट

उच्च क्षेत्र पहिचान गरि सो क्षेत्रमा पूर्वी राप्ती नदी र ढुङ्ग्रे तथा बुढी राप्ती नदीको बहाव उच्च हुने हुदाँ उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदायको जीउ धनको सुरक्षाको लागि रत्ननगर नगरपालिका वडा नं. ५ जनकौली अन्तरगत पर्ने ढुङ्ग्रे बुढी राप्ती बछौली जल उपभोक्ता संस्थाको स्वामित्वमा रहेको साविक बछौली ८/ग हाल रत्ननगर नगरपालिका वडा नं. ५ मा पर्ने कित्ता नं. ९४ को अन्दाजी २ कठ्ठा जग्गामा आश्रय स्थल निर्माणका लागि सिफारिस गरिदिनु हुन भनि अनुरोध भई आएकाले यस नगरपालिकासँग समन्वय गरि नगरपालिकाले तोके अनुसार आश्रय स्थल निर्माण गर्नका लागि सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना भरतपुर चितवनलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

यस रत्ननगर नगरपालिका वडा नं. १५ मा संचालनमा रहेको दिग्दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को हाल आफ्नो भवन नरहेको र कोठा भाडामा लिई कार्यालय संचालन गरि रहेकाले रत्ननगर नगरपालिका वडा नं.१५मा रहेको सामुदायिक भवनमा अस्थायी रुपमा कार्यालय संचालनमा लागि माग गरेकाले यस नगरपालिकासँग नियमानुसार घर भाडा सम्झौता गरि सामुदायिक भवनमा अस्थायी रुपमा कार्यालय संचालन गर्न दिने निर्णय गरियो ।

**निर्णय नं.९**

यस रत्ननगर नगरपालिकाको ७ औ नगर सभावाट स्विकृत वजेटवाट रत्ननगर नगरपालिका वडा नं. ५ मा रत्ननगर वाटर किङ्गडम निर्माण कार्यका लागी श्री न्यु टेक्निकल-सिनर्जि जे.भि., कुपण्डोल, ललितपुर, नेपाल सँग मिति २०७८।०९/१४ गते सम्झौता भई मिति २०७८/०९/१६ गते कार्यादिश दिई निर्माण व्यवसायिबाट कार्यस्थलमा कार्य शुरु गर्नु पुर्व नै चितवन राष्ट्रिय निकुञ्जवाट उक्त कार्यस्थल वफरजोन भित्र पर्ने भएकोले निकुञ्जको कानुन वमोजिम उक्त स्थानको रुखहरु कटान तथा निर्माण कार्य शुरु गर्न निकुञ्जवाट अनुमति लिनु पर्ने सुझाव आए वमोजिम नियमानुसार निकुञ्जवाट कार्य शुरु गर्न अनुमति प्राप्त भए पश्चात कार्य स्थलको रुख वोट विरुवाहरु कटान गरी विभिन्न मितिमा निर्माण कार्य शुरु गर्न ठेकेदार कम्पनी श्री न्यु टेक्निकल-सिनर्जि जे.भि., कुपण्डोल, ललितपुर, नेपाललाई काम सूचारु गर्न पटक पटक पत्राचार गरिएकोमा उक्त कम्पनीले हाल सम्म निर्माण कार्य सूचारु नगरेकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उप दफा १ र २ (क) वमोजिम ठेक्का रद्द गरि नियमानुसार नबिल बैंक, घण्टाघर शाखावाट अग्रीम भुक्तानी जमानत **(APG)** वापतको रकम यस रत्ननगर नगरपालिका नगर कार्यपालिकाको खातामा जम्माका लागी पत्राचार गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१०</u>**

इलाका प्रहरी कार्यालय टाँडी चितवनको मिति २०८२/०९/१७ गतेको सिफारिस पत्रानुसार इलाका प्रहरी कार्यालय रत्ननगर टाँडी चितवनको भवन रहेको जग्गा आफ्नो नाममा दर्ता नरहेको र भवनको भौतिक संरचना पनि पर्याप्त मात्रामा नभएको हुदाँ दैनिक कार्य सम्पादनमा कठिनाई उत्पन्न भई जनमैत्री सेवा प्रवाहमा समेत असर परेको हुदाँ सुविधा सम्पन्न संरचनाहरु निर्माण गर्ने प्रयोजनका लागि साविक जिल्ला चितवन देवौली गा.वि.स. वडा नं. ०९ हालको रत्ननगर नगरपालिका वडा नं. ९ स्थित कि.नं.५१ क्षेत्रफल १-१८-६ (एक विगाहा अठार कठ्ठा छ धुर) बिशेष प्रहरी विभागको नाममा फिल्डबुक कायम भई जग्गा धनि श्रेस्ता कायम हुन बाँकी रहेको उक्त जग्गा सम्बन्धित निकायबाट नियमानुसार इलाका प्रहरी कार्यालय रत्ननगर टाँडी चितवनको नाममा दर्ता गरी पुर्जा उपलब्ध गराउन जिल्ला प्रहरी कार्यालय भरतपुर चितवन र मालपोत कार्यालय भरतपुर चितवनलाई आवश्यक प्रकृया अगाडी बढाइदिन सिफारिस गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.११</u>**

यस नगरपालिका अन्तर्गतका १६ वटै वडा कार्यालयहरुबाट विपन्न परिवारका लागि आवास निर्माण तथा सामग्री माग भई सिफारिस आउने गरेको छ।यसरी वडा कार्यालयहरुबाट आउने निवेदनहरुको वडा कार्यालयसँग समन्वय गरी वास्तविक विपन्न हो/होइन माग भए अनुसार आवास निर्माण वा सामग्री उपलब्ध गराउनुपर्ने अवस्था हो/होइन सो सम्मको यकिन गरेर मात्र जस्तापाता वितरण प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने कार्यका लागि देहायका सदस्यज्यूहरुलाई विपन्न परिवार आवास निर्माण/निर्माण सामग्री हस्तान्तरण समितिमा मनोनयन गरि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**<u>विपन्न परिवार आवास निर्माण/निर्माण सामग्री हस्तान्तरण समिति</u>**

संयोजकः- श्री सोहेन्द्रराज खरेल वडा अध्यक्ष वडा नं. ३
सदस्यः- श्री यशोधा अधिकारी पौडेल, कार्यपालिका सदस्य
सदस्यः- श्री राजेन्द्र परियार हमाल, कार्यपालिका सदस्य
सचिवः- श्री डिम्मेश्वरी पौडेल, सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा

**<u>निर्णय नं.१२</u>**

राजपत्रमा प्रकाशित भईसकेको सन्दर्भमा पालिकाका वडाहरुबाट पुराना हस्तलिखित घटना दर्ता प्रमाणपत्र तथा अभिलेखहरुमा भएको जन्ममिति सम्बन्धित व्यक्तिको नागरिकता,शैक्षिक प्रमाणपत्र अनुसार कायम गर्ने क्रममा दर्ता मिति अघि र संशोधित जन्म मिति पछि पर्न गई संशोधन गर्न नसकिएको र सो समस्या समाधानका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग मा पत्राचार भएको तर विभागबाट पनि कुनै आधिकारीक समाधान प्राप्त नभएकोमा नगरका १६ वटै वडाहरुबाट आउने यस्ता समस्याहरुको समाधानका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ को दफा २४ मा भएको व्यवस्था अनुसार घटना दर्ता प्रमाणपत्र खारेजीको अधिकार स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) मा रहेको हुँदा सोही अनुसार रत्ननगर नगरपालिका वडा नं. १५ निवासी

अमृता वस्ती (दर्ता मिति २०४९।०५।२२ र दर्ता नं. १२) को जन्मदर्ता प्रमाणपत्र, रत्ननगर नगरपालिका वडा न. २ निवासी सम्राट अधिकारी (दर्ता मिति २०६८।९।१२ र दर्ता न.६) को जन्मदर्ता प्रमाणपत्र र रत्ननगर नगरपालिका वडा न १४ निवासी निरोज धमला (दर्ता मिति २०७१।१०।०८ र दर्ता नं. ३५ दोहोरो दर्ता परि पछिल्लो जन्मदर्ता प्रमाणपत्र) रद्ध (खारेजी) को सहजिकरणका लागि स्थानीय अधिकारीलाई नगरपालिका मार्फत पत्राचार गरि पठाउने निर्णय गरियो ।

__निर्णय नं.१३__

चितवन उद्योग वाणिज्य संघको आयोजनामा मिति २०८२ पौष २५ गते देखि माघ ०५ गते सम्म संचालन हुने १३ औं चरणको रत्ननगर महोत्सव २०८२ का लागि सौराहा बस पार्क रात्रीकालिन पार्किङ्ग र फुड फेस्टीबलका लागि उपलब्ध गराइदिनु हुन भनि अनुरोध भई आएकाले नियमानुसार सौराहा बस पार्क महोत्सव अबधी भर उपलब्ध गराउने निर्णय गरियो ।

__निर्णय नं.१४__

चितवन जिल्ला रत्ननगर नगरपालिकाको १७ औ नगर सभावाट स्विकृत अन्तरराष्ट्रिय हात्ती महोत्सव शिर्षकमा विनियोजित वजेट रु. २ लाख नपुग भई वजेट थप गरि यस पालिका, होटल एशोसियसन अफ नेपाल सौराहा र पर्यटन विकास बोर्ड काठमाण्डौ विच त्रिपक्षिय सम्झौता वमोजिम यस पालिकाको सौराहामा १९ औ हात्ती महोत्सव मिति २०८२ पौष १० गते देखि १३ गते सम्म सम्पन्न १९ औ हात्ती महोत्सवका लागी थप गरिएको वजेट रु. ३ लाख **नगरस्तरीय चालु विविध प्रवर्द्धनात्मक सहायता** शिर्षकवाट व्ययभार हुने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

__निर्णय नं.१५__

चितवन जिल्ला रत्ननगर नगरपालिकाको १५ औ नगर सभावाट स्विकृत वजेटवाट रत्ननगर नगरपालिका वडा नं. २ र ३ मा ***DTH Boring (RAT/Chitwan/Works/SQ/11/2081-82)*** निर्माण कार्यका लागी श्री एस. एस. ट्युबवेल कन्स्ट्रक्सन एण्ड सर्भिस प्रा. लि., भ. महा न.पा. वडा नं. १०, चितवनसँग मिति २०८२।०४।१६ गते सम्झौता भई मिति २०८२/०४/१६ गते यस पालिकावाट दिईएको कार्यदिश वमोजिम बोरिङ्ग गर्ने कार्य शुरु भएकोमा चार स्थानमा बोरिङ्ग गर्नु पर्ने कार्यादिश रहेकोमा एक स्थानमा बोरिङ्ग गरि अन्य स्थानमा बोरिङ्गको कार्य शुरु गर्दा बिधुतका पोलहरु र तारहरुले गर्दा कार्य गर्न जोखिम रहि तार पोल नहटाई कार्य गर्न नसकिने भई सो कार्यका लागी म्याद थप गरि दिनुहुन भनि पेश भएको निवेदन वमोजिम नेपाल बिधुत प्राधिकरणसंग समन्वय गरि हाल उक्त पोल तारहरु स्थानान्तरण कार्य सम्पन्न भइसकेकोले सो कार्यका लागी मिति २०८२।०९।३० गते सम्मको म्याद थप गर्ने निर्णय गरियो ।

__निर्णय नं.१६__

यस रत्ननगर नगरपालिका अन्तरगतका विभीन्न संघ/संस्था, समिति, सामुदायकि क्लबहरुले विभीन्न धार्मिक सांस्कृतिक खेलकुद लगायतका कार्यक्रमहरु संचालन गरि यस नगरपालिकासँग सहयोग

माग गरेकाले त्यस्ता लोककल्याणकारी कार्यक्रम संचालन गर्ने संस्थाहरुलाई नगरस्तरीय तपसिलका चालु कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरि देहाय अनुसार सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

क. रत्ननगर नगरपालिका वडा नं. ९ मा रहेको श्री धौलागिरी भजन समुहलाई लागि बाध्यबाधन सामाग्री खरिद **रु.४००००/- (चालिस हजार मात्र)** (नगरस्तरीय धार्मिक सास्कृतिक संघ/संस्था सहायता शिर्षकबाट)

ख. शिवशक्ती अर्गानिक कृषि महिला समुह रनपा ०६ लाई साबुन र मैन वत्ती बनाउने तालिम लिईसकेकाले व्यवहारिक आर्यआर्जन गरि उद्यमी बन्नका लागि सहयोग — **रु.५००००/- (पचास हजार मात्र)** नगरस्तरीय नगर प्रमुखसँग विविध कार्यक्रम खर्च शिर्षकबाट

ग. चक्रपाणी लामिछाने स्मृति बुक हाउसलाई गाउँ आएको मोटरबाटो उपन्यास प्रकाशन सहयोग लागि **रु.१००००/- (दश हजार मात्र)** (नगरस्तरीय धार्मिक सास्कृतिक संघ/संस्था सहायता शिर्षकबाट)

घ. रत्ननगर नगरपालिका वडा नं. ३ जलदेवि मन्दिरको धान्य पुन्य जात्रा तथा देवि पुजा जात्रा संचालन मिति २०८२/०८/१९,१९ र २० गतेका लागि सहयोग रु. ४००००/- **(चालिस हजार मात्र)** (नगरस्तरीय धार्मिक सास्कृतिक संघ/संस्था सहायता शिर्षकबाट)

ङ. नेपाल प्रज्ञाप्रतिष्ठान कमलादी काठमाडौंको आयोजनामा नेपाली, संस्कृत र अङ्ग्रेजी कविताका स्वरुप तथा प्रवृत्ति एंव चितवनका थारु तथा चेपाङ्ग संस्कृतिमा आधारित कार्यक्रमका लागि **रु.२००००/- (बीस हजार मात्र)** नगरस्तरीय नगरस्तरीय धार्मिक सांस्कृतिक संघ/संस्था सहायता शिर्षकबाट)

## निर्णय नं. १७ (विविध)

### निर्णय नं. १७ विविध क

यस रत्ननगर नगरपालिकाको नगर गौरबको आयोजना रत्ननगर हरियाली/रिक्रियसन पार्कको परियोजना संचालन कार्ययोजना (***Business Plan)*** स्वीकृत गरियो। साथै परियोजना संचालन कार्ययोजना ***(Business Plan)*** संलग्न गरि रत्ननगर नगरपालिका वडा नं. १० मा रहेको खगेडी सिंचाई को नाममा उक्त योजनासँगै रहेको सरकारी जग्गामा पार्क निर्माण कार्य शुरु गरिएको र पार्कको पूरा कार्य गर्नका लागि खगेडी सिँचाईको नाममा रहेको जमिन पनि आवश्यक रहेकोले उक्त जग्गा यस रत्ननगर नगरपालिकालाई भाडा (लिज) मा उपलब्ध गराउन बागमती प्रदेश सरकार खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. १७ विविध ख

यस पालिकाको १७ औ नगर सभावाट रत्ननगर नगरपालिका वडा नं १० चितवन स्थित श्री कृष्ण प्रणामी मन्दिरमा गुरुजी वृजदाशको प्रतिमा स्थापना तथा स्मरण कक्ष व्यवस्थापनका लागि रु. १० लाख र रत्ननगर नगरपालिका वडा नं. ०२ स्थित मुस्लिम समुदायको विद्यायलको पूर्वाधार निर्माणका लागि (अवुवकर सिद्धिक मदरसा पूर्वाधार निर्माण) निर्माणका लागी रु. १० लाख विनियोजन भएकोले स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि

कार्यविधी २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफा २ र ३ वमोजिम ठेक्का प्रकृयावाट कार्य सम्पन्न गरिनु पर्नेमा उक्त कार्यहरु मध्ये श्री कृष्ण प्रणामी मन्दिरमा प्रतिमा स्थापनाका लागि स्थानीय मुर्तिकार र सामानहरु आवश्यक पर्ने र अवुवकर सिद्धिक मदरसा पूर्वाधार निर्माणमा मुस्लिम समुदायले समेत लागत साझेदारी गर्ने भएकाले उक्त योजनाहरुको निर्माण कार्य उपभोक्ता समितिहरुवाट सम्पन्न गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १७ विविध ग</u>**

श्री माँ देवि इन्जिनियारिङ्ग कन्सल्टेन्सी प्रा.लि. रत्ननगर १० लाई यस रत्ननगर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ अनुसारको प्रकृया पुरा गरि कार्यविधिको दफा २ को उपदफा ४ र दफा ३ बमोजिम समितिबाट पेश भए अनुसार घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. १७ विविध घ</u>**

रत्ननगर नगरपालिका वडा नं. १४ मा रहेको जन जागृती माध्यमिक विद्यालयको २ तले १० कोठे भवन अत्यन्त जीर्ण भएको र उक्त भवनको पुनः निर्माणका लागि आ.व. २०८२/०८३ मा संघीय बजेटमा रु.तीन करोड विनियोजन भई सघन शहरी तथा भवन निर्माण आयोजना, चितवनबाट पुनःनिर्माणको प्रकृया सूरु गर्नका लागि जिर्ण भवन भत्काई पुन निर्माणका लागि खाली गराउनुपर्ने भएकाले विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०९/०९ को बैठकबाट यस नगरपालिकासँग जिर्ण भवन भत्काउने अनुमति माग गरेकाले १४ नं. वडा अध्यक्षको रहोबरमा सर्जिमन मुचुल्का गरि यस नगरपालिकाका प्राविधिक श्री प्रकाश ढुङ्गानाबाट जिर्ण भवनको कबाडी सामानको लागत अनुमान तयार गरि आवश्यक प्रकृया पुरा गरि जिर्ण भवन भत्काउने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १७ विविध ङ</u>**

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित विपन्न नागरिकहरुको उपचारका लागि सहयोग माग भई आएका तपसिलका व्यक्तीहरुलाई नगरस्तरीय **अन्य संस्था/व्यक्ती** लगायत सहयोगापेक्षी शिर्षकबाट व्ययभार हुने गरि देहाय बमोजिम सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

**<u>तपसिल</u>**

| क्र.सं. | सहयोग माग गर्नेको विवरण | सिफारिस गर्ने वडा | सहयोग माग भएको विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री भव प्रसाद बस्ताकोटी | रत्ननगर नगरपालिका वडा न १३ | दिर्घ रोगी उपचारका लागि आर्थिक अवस्था कमजोर | १५०००।- | |
| २. | आनिया खातुन | वडा नं. ४ को कार्यालय | अपाङ्ग खुट्टाको उपचारका लागि HRDC उपचार गराइरहेको | ४००००/- | उपचारका लागि HRDC को खातामा रकम जम्मा गरिदिने |
| ३. | श्री कृति स्याङतान | रत्ननगर नगरपालिका वडा न १५ | पेट सम्बन्धी आर्थिक सहयोग | १००००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | श्री सुखिराम महतो | रत्ननगर नगरपालिका वडा नं.५ | क्यान्सर रोग | २००००।- | |
| ५. | शम्सेर बहादुर परियार | रत्ननगर नगरपालिका वडा न १३ | पाँच बर्ष देखि मृगघामा समस्याका कारण डाइलोसिस गरिरहेको र घरायसी आर्थिक अवस्था ज्यादै कमजोर | १५०००/- | |
| ६ | उमेश के.सी. | वडा नं. १० को कार्यालय (वडा नं. १० को विपन्न वर्ग सहयोग ब.ख.शि.नं.२२५२२ बाट खर्च हुने गरि) | आर्थिक अवस्था कमजोर भएको विपन्न वर्ग आयआर्जन सहयोग | २५०००/- | वडा नं. १० को वडा समितिको निर्णय र सिफारिस |
| ७ | तिनमाया गुरुङ | वडा नं. १२ को कार्यालय | एक बर्ष देखि शरीरको मासु चेपिन गई समस्या आएको र उपचारका लागि आर्थिक अवस्था कमजोर | १००००/- | |
| ८ | राज कुमार रोका | वडा नं. १२ को कार्यालय | दुवै मृगौला फेल भएको र उपचारका लागि पारिवारिक आर्थिक अवस्था कमजोर रहेको | १५०००/- | |
| ९ | भवानी शंकर पौडेल | वडा नं. ३ को कार्यालय | मुटुरोबाट ग्रसित भई अपरेसन गरि उपचाररत रहनु भएको र थप उपचारका लागि आर्थिक अवस्था कमजोर भएको | १००००/- | |
| १० | कमल श्रेष्ठ | वडा नं. ८ को कार्यालय | कलेजोमा समस्या देखिन गई उपचाररत रहेको र उपचारका लागि आर्थिक अवस्था निकै कमजोर रहेको | १५०००/- | |
| ११ | कारी माझी | वडा नं. ८ को कार्यालय | उच्च रक्तचापका कारण समस्या भई चितवन मेडीकल कलेज भरतपुरमा उपचाररत रहेको र उपचारका लागि नीजको आर्थिक अवस्था ज्यादै कमजोर रहेको | १००००/- | |
| १२ | ऋषि बहादुर अधिकारी | वडा नं. १४ को कार्यालय | मुटुको अप्रेशन गरि दुबै भल्ब फेर्नु पर्ने भएको र उपचारका लागि आर्थिक अवस्था कमजोर भएको | १५०००/- | |
| १३ | कृष्ण प्रसाद भट्ट | वडा नं. १४ को कार्यालय | मृगौला गरोगका कारण सि एम् सि अस्पताल भरतपुरमा उपचाररत रहेको र उपचारका लागि आर्थिक अवस्था कमजोर भएको | २५०००/- | |
| १४ | दिलिप महतो | वडा नं. ६ को कार्यालय | मस्तिक पक्षघातका कारणले बिरामी भई कलेज अफमेडिकल साइन्स शिक्षण अस्पतालमा उपचाररत रहेको र थप उपचारका लागि आर्थिक अवस्था कमजोर रहेको | १००००/- | |
| १५ | हरिचन्द्र कुमाल | रत्ननगर नगरपालिका वडा न १ को कार्यालय | नीजको मृत्यु भएको पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले काजकिरिया खर्च | १००००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | बाबुलाल दरै | रत्ननगर नगरपालिका वडा न १२ को कार्यालय | नीजको मृत्यु भएको पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले काजकिरिया खर्च | १००००/- | |
| १७ | शोभाकर तिवारी | रत्ननगर नगरपालिका वडा न ३ को कार्यालय | सवारी दुर्घटना भई उपचाररत रहेको र उपचारका लागि नीजको पारिवारिक आर्थिक अवस्था कमजोर भएको | ५००००/- | |
| १८ | राम बहादुर खड्का | रत्ननगर नगरपालिका वडा न १२ को कार्यालय | मृगौलामा समस्या भई हाल उपचाररत रहेको र थप उपचारका लागि आर्थिक अवस्था कमजोर रहेको | १००००/- | |
| १९ | कमला दरै | रत्ननगर नगरपालिका वडा न ३ को कार्यालय | उच्च रक्तचाप भई मृगौलामा समस्या भई उपचाररत रहेको | १५०००/- | |
| २० | सविन परियार | रत्ननगर नगरपालिका वडा न १५ को कार्यालय | सवारी दुर्घटनामा परि उपचार गर्न पर्ने भएको तर उपचारका लागि नीजको आर्थिक अवस्था कमजोर भएको | २००००/- | वडा नं. १५ को वडा समितिको निर्णयबाट आ.व.२०८२/०८३ को वडा स्तरीय अन्य सहायता शिर्षकबाट भुक्तानी गर्ने |

**निर्णय नं. १७ विविध च.**

रत्ननगर नगरपालिकाको १७ औं नगरसभाबाट विनियोजित तपसिलको योजनाको नाम शंसोधन (सच्चाउने) गरिदिनु हुन भनि तपसिलका वडा कार्यालयको वडा समितिको बैठकको निर्णय सहित सिफारिस भए अनुसार १७ औं नगरसभाबाट कार्यपालिका बैठकलाई प्रत्यायोजित अधिकार प्रयोग गरि देहायको योजनाको नाम संशोधन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | आ.व. २०८२/०८३ मा विनियोजित योजाको नाम | रकम | हाल सच्चाइएको योजनाको नाम | रकम (रु.) | वडा नं. |
|---|---|---|---|---|---|
| १ | वनदेवि २ नं. बाटो क्रमागत | रु.२०००००/- | वनदेवि ३ नं. बाटो क्रमागत | रु.२०००००/- | १६ |
| २ | जनजागृतीटोल पाण्डेको घर देखि दक्षिण नन्दकलाको घर सम्म बाटो ढलान/मोज्याक टायल निर्माण | रु.५०००००/- | जनजागृतीटोल पाण्डेको घर देखि दक्षिण नन्दकलाको घर सम्म बाटो ढलान/मोज्याक | रु.५०००००/- | १० |

**निर्णय नं. १७ विविध छ.**

यस रत्ननगर नगरपालिका अन्तरगतका वडा कार्यालयहरुबाट जेहेन्दार, गरिब विपन्न विद्यार्थीहरुका विद्यालयको सिफारिस र वडा कार्यालयको सिफारिस सहित छात्रवृत्ति माग भएका र व्यहोरा सहिरस्तय देखिएकाले उच्च शिक्षा र प्राविधिक बिषय अध्ययन गर्ने देहायका विद्यार्थीहरुलाई सम्बन्धित स्कुल/कलेजको खातामा रकम निकासा हुने गरि नगरस्तरीय बिषयगत शाखा अन्तरगत शिक्षा शाखाको **शैक्षिक रुपान्तरण कार्यक्रम-गुणस्तरीय शिक्षा लक्ष्य नं. ४** शिर्षकबाट व्ययभार पर्ने गरि छात्रवृत्ति रकम उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

तपसिल

उच्च शिक्षा छात्रवृत्ति

| क्र.सं. | विद्यार्थीको नाम | ठेगाना | अध्ययरत स्कुल/कलेज | अध्ययरत तह र बिषय | छात्रवृत्ति रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | इश्वर खनाल | रनपा ३ | शहिद स्मृती बहुमुखी क्याम्पस | BBS तेस्रो बर्ष नियमित | छ महिनाको रकम बरारबरको रकम | |
| २ | सूजना भट्ट | रनपा ४ | स्काइराइडर स्कुल | कक्षा १२ विज्ञान | छ महिनाको रकम बरारबरको रकम | |
| ३ | रश्मी भुजेल | रनपा १५ | शहिद स्मृती बहुमुखी क्याम्पस | स्नातकोत्तर तह दोस्रो चौथो सेमेस्टर | छ महिनाको रकम बरारबरको रकम | |
| ४ | अनुराधा खड्का | रनपा १५ | शहिद स्मृती बहुमुखी क्याम्पस | स्नातकोत्तर तह चौथो समेस्टर | छ महिनाको रकम बरारबरको रकम | |
| ५ | अन्जना मुसहर | रनपा ७ | शहिद स्मृती बहुमुखी क्याम्पस | विविएस प्रथम बर्ष | छ महिनाको रकम बरारबरको रकम | |
| ६ | सुमन माझी | रनपा ७ | शहिद स्मृती बहुमुखी क्याम्पस | विएड प्रथम बर्ष | नौ महिनाको रकम बरारबरको रकम | |
| ७ | निश्चल त्रिपाठी | रनपा १२ | शहिद स्मृती बहुमुखी क्याम्पस | BBS चौथो बर्ष नियमित | छ महिनाको रकम बरारबरको रकम | |
| ८ | अनुजा कार्की | रनपा ३ | शहिद स्मृती बहुमुखी क्याम्पस | BBS प्रथम तेस्रो नियमित | नौ महिनाको रकम बरारबरको रकम | |
| ९ | करुणा कडेल | रनपा ३ | शहिद स्मृती बहुमुखी क्याम्पस | BBS प्रथम तेस्रो नियमित | छ महिनाको रकम बरारबरको रकम | |
| १० | इश्वरी चौधरी | रनपा ९ | शहिद स्मृती बहुमुखी क्याम्पस | BBS प्रथम तेस्रो नियमित | छ महिनाको रकम बरारबरको रकम | |
| ११ | विवेक नेपाल | रनपा १३ | शहिद स्मृती बहुमुखी क्याम्पस | BFA प्रथम तेस्रो नियमित | २००००/- | |

प्राविधिक उच्च शिक्षा छात्रवृत्ति

| क्र.सं. | विद्यार्थीको नाम | ठेगाना | अध्ययरत स्कुल/कलेज | अध्ययरत तह र बिषय | छात्रवृत्ति रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | दिवस थपलिया | रनपा ३ | बिभुवन विश्व विद्यालय कृत्तीपुर काठमाडौं | Probabilistic Hazard Assessment Of Western Nepal, Himalayan Region | १५०००/- | |
| २ | अभिषेक घिमिरे | रनपा. १४ | काठमाडौं युर्निभरसिटी धुलिखेल | अटो मेकनिकल इन्जिनियरिङ्थ | ४००००/- | |
| ३ | रोहन आचार्य | रनपा ४ | खोपा इन्जिनियरिङ्ग कलेज काठमाडौं | सिभिल इन्जिनियारिङ्ग छैठौं सेमेस्टर | ४००००/- | |

निर्णय नं. १७ विविध ज.

यस रत्ननगर नपाका विभीन्न वडाहरुबाट वडाका केही स्थानीय युवाहरु कुलतमा फसि आचारण सुधारका लागि पुनःस्थापना केन्द्रमा नगरको सिफारिसमा राखिएको र पुनः स्थापना केन्द्रमा लाग्ने शुल्क तिर्न आर्थिक अवस्था अति विपन्न भएका व्यक्तीहरुलाई सहयोग उपलब्ध गराइदिनु हुन भनि सिफारिस गरेको र व्यहोरा सहि सत्य बुझिएकाले नगरस्तरीय उद्धार राहात तथा पुनःस्थापना खर्च शिर्षकबाट व्ययभार पर्ने देहाय अनुसार सहयोग गर्ने निर्णय गरियो ।

**<u>देहाय</u>**

क.रनपा ०३ निवासी श्री लोकनाथ न्यौपाने — **रु.३०,०००/- (तीस हजार मात्र)**

**<u>निर्णय नं. १७ विविध झ.</u>**

मिति २०८२ भाद्र २३ र २४ गते भएको नेन झेड समुहको आन्दोलनका क्रममा आगजनीका कारण यस नगरपालिका रहेको जे.सि.वी. बाहेकका सम्पूर्ण सवारी साधनहरु जलेर पुन प्रयोग हुन नसक्ने अवस्थामा रहेको व्यहोरा यस सम्मनित बैठकलाई अवगत नै छ। हाल कार्यालय व्यवस्थापन, योजना अनुगमन लगायतका कार्य संचालन गर्न सवारी साधनहरु अति आवश्यक परेकाले नगरस्तरीय पुनः निर्माण कोषबाट बजेट व्यवस्थापन हुने गरि तपसिलको सवारी साधनहरु प्रचलित नियमानुसार खरिद गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

क. कार- १ थान

ख. ट्र्याक्टर- १ थान

**<u>निर्णय नं. १७ विविध ञ.</u>**

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. ३, १३ र १४ स्थित लौरीघोलमा लौरी ताल निर्माणका लागी यस पालिकाको १७ औ नगर सभावाट स्विकृत नेपाल सरकार हस्तान्तरित सशर्त विशेष अनुदान पानीका श्रोतहरु संरक्षण र पुनर्भरण कार्यक्रम निर्माण योजनामा विनियोजित रु ६८ लाख र बागमती प्रदेश सरकार हस्तान्तरित सशर्त विशेष अनुदान पानीका श्रोतहरु संरक्षण पुनर्भरण कार्यक्रम निर्माण योजना लौरीघोलमा विनियोजित रु ६५ लाख गरि जम्मा विनियोजित वजेट रु १ करोड ३३ लाख वमोजिम उक्त लौरीताल निर्माणका लागी प्रस्तावित लागत अनुमान रु २,४५,०१,४६८.२९ ( दुई करोड पैतालिस लाख एक हजार चार सय अठसठ्ठी रुपैया पैसा उनन्तिस मात्र ।) स्विकृत गरि अपुग वजेट १८ औ नगर सभावाट विनियोजन गर्ने गरि बहुबर्षिय (२०८२/८३, २०८३/८०९६) ठेक्का आब्हान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १७ विविध ट</u>**

यस नगरपालिकाको आगामी नगरसभाबाट अनुमोदन हुने गरि तपसिल बमोजिमका योजनाहरुमा निम्न बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

क) रत्ननगर नगरपालिका वडा नं. ६ र ७ स्थित सौराहाको सडक मर्मत- **रु ५९,००,०००.००/-**

ख) पन्चकन्या स्कुलवाट सालघारी चोक जाने सडक ढलान तथा पेटी निर्माण र बुध्दचोक देखि गाईचोक निर्माण वडा नं. २,३,१३ - **रु ३८,००,०००.००/-**

**ग)** सिता देवकोटाको खेत देखि उत्तर १५० मी. कुलो लाईनिङ्ग वडा नं. १५ **रु. ३,००,०००.००**

घ)नमुनाटोल मिरा कोईरालाको घर देखि पुर्व जाने सडक कालोपत्रे, वडा नं. १६ **रु. १५,००,०००.००**

ङ)लालपर्सा परिवर्तनटोल कल्भर्ट निर्माण, वडा नं. ९ **रु. ३,००,०००.००**

च)शान्तिनगरटोल मान वहादुर चोक वाट उत्तर जाने सडक कालोपत्रे, वडा नं. १३ **रु. १०,००,०००.००**

छ)कृयापुत्री भवन निर्माण सम्पन्न, वडा नं. ९ **रु** ४,००,०००.००

ज)बैरिया शिवालय मन्दिर हल निर्माण, वडा नं. १० **रु. ६,००,०००.००**

झ)मिलनटोल पुनम गुरुङ्गको घर जाने सडक कालोपत्रे, वडा नं. १२ **रु. १८,००,०००.००**

ञ)हातेमालोटोल भद्रकालीघोलमा पर्खाल निर्माण, वडा नं. १५ **रु. ३,००,०००.००**

ट) लौरीघोल चोक कालोपत्रे मर्मत, वडा नं. १४ **रु. ५,००,०००.००**

ठ) आधारभुत बिधालय अमिलिया पर्खाल निर्माण, वडा नं. १३ **रु. २०,००,०००.००**

ड) चमेना गृह निर्माण सम्पन्न, वडा नं. १६ **रु. ५,००,०००.००**

ढ) सौराहा सौन्दर्यीकरण, वडा नं. ६ र ७ **रु. १,२८,००,०००.००**

ण) लौरीघोल बुद्धचोक DTH Boring, वडा नं. २,३ र १३ **रु. १०,००,०००.००**

त) टंक पराजुलीको घरदेखि एन्जलस बोडिङ्ग सम्मको वाटो ओभरल्यापिङ्ग, वडा नं.१० **रु. १५,००,००,०.००**

थ) प्रगतिशिल महिला समुह भवन निर्माण सम्पन्न, वडा नं. ५ **रु. ६,००,०००.००**

द) प्रेम ढकालको घर जाने वाटो ढलान, वडा नं. १५ **रु. १०,००,०००.००**

ध) सौराहा चोक देखि चित्रसारी सम्म सडककव एक साइडमा वाल लगाउने काम- **रु.१८४००००.००/-**

**न)** इलाका प्रहरी कार्यालय टाडी किचन तथा स्टोर निर्माण — **रु.५०००००.००/-**

प.राजमार्ग देखि शहिद स्मृती बहुमुखी क्याम्पस जाने सडक कालोपबे- **रु.४५००००/-**